ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/०८३
चलानी नं.:-
मितिः- २०८३/०१/२३

## सूचना।

### अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण संकलन गर्ने सम्बन्धी सूचना।

जिल्ला प्रशासन कार्यालय, बागलुङको मिति २०८३/०१/२१ च.नं. २११५ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा जरुरी सूचना अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको जिम्मेवारी रहेको, सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा विभिन्न माध्यमबाट सवालहरु आउने गरेकोले यस नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुले आफ्नो टोल, छिमेकमा कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेको थाहा भएमा उक्त जग्गा अतिक्रमण गर्ने व्यक्तिको विवरण, अतिक्रमित जग्गाको स्थलगत जानकारी यस सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित वडा कार्यालय, नगर कार्यपालिकाको कार्यालय वा कार्यालयको इमेल ठेगाना dhorpatanmunicipality10@gmail.com र जिल्ला प्रशासन कार्यालय, बागलुङको इमेल ठेगाना baglungprasasan@gmail.com मा पठाउन सकिनेछ। साथै त्यस्ता निवेदकहरुको पहिचान गोप्य राखी जग्गाको नापजाँच तथा संरक्षणका अन्य कार्य अगाडी बढाईनेछ।

2083/01/22

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६८-५२०३२२ (प्र.जि.अ.)
०६८-५२०२३३ (प्रशासन)
फ्याक्स नं.: ०६८-५२०१३३
वेबसाइट: daobaglung.moha.gov.np

पत्र संख्या : ०८२/८३
चलानी नं. : २११५

वि.सं : २०८३ वैशाख २१
ने.सं. : ११४६ बछलागाः तृतिया

विषयः- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै,
बागलुङ।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तगा अभिलेख व्यवस्थापन सम्बन्धमा यस कार्यालयको च.नं. २१०४ मिति २०८३/०१/१७ को पत्र मार्फत तहाँ कार्यालयमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उक्त पत्रमा उल्लिखित विषयहरु तथा गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. ६५० मिति २०८३/०१/१७ गतेको प्राप्तपत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकवाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धी पत्र पाना-१(एक) यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध छ। व्यहोरा पत्रवाट अवगत गर्नुभई आवश्यक कारवाहीका लागि आदेशानुसार अनुरोध छ।

२०८३/१/२१
नवराज बराल
सहायक प्रमुख जिल्ला अधिकारी

नगरपालिका
दर्ता नं 2091
2083/1/22

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

e-mail: [illegible]@gmail.com

Scanned with CamScanner

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा)

ईमेल: moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

पत्र संख्या:- आ.प्र.स. तथा स.स.व्य.शा- ०८२/८३
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६५०

सिंहदरबार,
काठमाडौं, नेपाल।
मिति: २०८३/०१/१७
नेपाल संवत् ११४६

नेपाल सरकार गृह मन्त्रालय

**विषय: सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।**

जिल्ला प्रशासन कार्यालय,
सबै (७७)।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनका सम्बन्धमा यस मन्त्रालयको च.नं. ६३७ मिति २०८३/०१/१६ को पत्र मार्फत तहाँ कार्यालयहरुमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उक्त पत्रमा उल्लिखित केही विषयहरु थप प्रष्ट पार्न आवश्यक देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन मिति २०८३/०१/१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

१. आफ्नो जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये को वास्तविक सुकुम्वासी हुन् र को होइनन् भन्ने पहिचान सम्बन्धित स्थानीय तहबाट भएको हुनुपर्ने,
२. वास्तविक पहिचान गरिएका सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधी उपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) योजनाको तयारी सम्बन्धित स्थानीय तहबाट गरिएको हुनुपर्ने,
३. वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गर्ने योजना सहित आवश्यक सुरक्षा प्रवन्धका लागि स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्न सक्ने,
४. माथि उल्लेखित व्यवस्थापन गर्ने योजना सहित सुरक्षा माग गरेमा जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँगको समन्वयमा जग्गाको अतिक्रमण हटाउन आवश्यक सुरक्षाको प्रबन्ध गर्ने,
५. अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा हटाउने कार्यका लागि तत् तत् निकायबाट गरिने कार्यका सम्बन्धमा तहाँ कार्यालयहरुबाट आम जनतालाई सुसूचित गर्ने गराउने।

२०८३।०१।१६
(कृष्ण देवकोटा)
शाखा अधिकृत

दर्ता नं. ... २०८३/०१/२०

श्री ... (...)

Scanned with CamScanner